ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

# नेपालमा तबला वादनको विकासमा भएका कार्यहरू

वेङ्कटेश ढकाल #*
#तबला शिक्षक, ललितकला क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।
*Corresponding Author: wenkateshdhakal8@gmail.com

**Citation:** ढकाल**,** वेङ्कटेश (2025). नेपालमा तबला वादनको विकासमा भएका कार्यहरू**.** *Journal of Fine Arts Campus*, 6(1). 41-51. https://doi.org/10.3126/jfac.v6i1.76086

**लेखसारः**

तबलावादनको सुरुवात खयालगायन शैलीसँग सङ्गत वाद्यका रुपमा भएको मानिएको छ । खयालगायन शैलीमा सङ्गत वाद्यका रुपमा वादनको सुरुवात गरिएको तबलावाद्य वर्तमान समयमा गायनका अन्य शैलीहरूकासाथै तन्त्री, शुषिर आदि वाद्ययन्त्रहरू एवम् कत्थकनृत्यमा सङ्गत वाद्यका रुपमा प्रयोग हुने गर्दछ । वर्तमान समयमा प्रचलनमा रहेका गायन, वादन तथा नृत्य विधामा सङ्गत वाद्यका रुपमा प्रयोग हुने तबलावादनको प्रारम्भ उस्ताद सिद्धार खाँद्वारा भएको तथ्यमा मतैक्यता रहेको छ । तबलावादन प्रारम्भकर्ताको विषयमा एकमत रहेतापनि तबला आविष्कर्ताका बारेमा हालसम्म मतैक्यता प्राप्त गर्न सकिएको छैन । नेपालमा प्रकाशित सङ्गीतका विभिन्न पुस्तक एवम् अनुसन्धानबाट नेपालएकीकरण पूर्व नै गोरखा दरवारमा भारतबाट खयालगायक, सितारवादक एवम् कत्थकनृत्य आदि विधाका कलाकारहरू आउने प्रचलन रहेको तथ्य प्राप्त भएबाट ति कलाकारहरूका साथमा तबलावादक पनि पक्कै आएका थिए भन्ने अनुमान लगाउन सकिन्छ । प्रस्तुत आलेखमा नेपालमा लामो समयबाट वादन हुँदै आइरहेको तबला विषयमा हालसम्म विशेष गरेर काठमाडौँ उपत्यकामा भएका प्रशिक्षण, प्रचारप्रसार, प्रतियोगिता, रोजगारी, मानसम्मान/पुरष्कार, प्रकाशन, सम्मेलन आदिका बारेमा चर्चा गरिएको छ । आलेखको अध्ययन पश्चात् नेपालमा तबलावादन विषयसँग सम्बन्धित समुदाय, प्रशिक्षक एवम् विद्यार्थीहरूलाई तबलावादनको विकासमा सरकारी संस्थाहरूबाट भएका अनेक कार्यका बारेमा जानकारी प्राप्त हुनेछ । गुणात्मक विधिमा रहेको प्रस्तुत आलेख तयार गर्नका लागि प्रमुखतः द्वितीयक श्रोतको उपयोग गरिनुका साथै लेखकको अनुभव पनि यथायोग्य प्रयोग गरिएको छ ।

**शब्दकुञ्जीः** नेपाल, तबलावादन, सरकारीसँस्था, योगदान ।

**परिचयः**

तबला आविष्कर्ताका बारेमा विभिन्न मतहरू भएतापनि नियम सङ्गत तबलावादनको सुरुवात उस्ताद सिद्धार खाँद्वारा १८ औं शताब्दीबाट भएको तथ्यमा हालसम्म मान्यता रहेको छ । तबलावादनको सुरुवात शास्त्रीय सङ्गीत अन्तर्गत खयाल गायनमा सङ्गत वाद्यका रूपमा भएतापनि वर्तमान समयमा तन्त्री, शुषिर आदि वाद्यवादन एवम् कत्थक नृत्य विधामा प्रमुख सङ्गत वाद्यका रुपमा तबलावादन गरिन्छ । त्यसकासाथै उपशास्त्रीय, गजल, आधुनिक, आध्यात्मिक, चलचित्र सङ्गीत लगायत विधाहरूमा सङ्गत तथा स्वतन्त्रवादन पनि गरिन्छ । यसकारण उपयोगिताका आधारमा तबलावादनलाई सङ्गत र स्वतन्त्र वादन गरी २ धारमा विभाजन गर्न सकिन्छ । नेपालमा पनि सङ्गत र स्वतन्त्र वादन २ धार अन्तर्गत रहेर नै हालसम्म तबलावादन हुँदै आएको छ । तबलावाद्य अधिकांस दक्षिण एसियाली राष्ट्रहरूमा मात्र नभई वर्तमान समयमा पश्चिमी शैलीका साङ्गितिक विधाहरूका साथमा पनि वादन गर्ने प्रचलनको वृद्धि हुँदै गएको छ । नेपालमा तबलावादन सुरुवात भएको मिति नै तोक्न सकिने तथ्य हालसम्म प्राप्त भएको छैन । तथापि एकीकरणभन्दा पहिला गोरखा दरवारमा आएका भारतबाट खयाल गायकहरू आएको तथ्य प्राप्त भएका कारण तबलावादक पनि आएको अनुमान लगाउन सकिन्छ । शास्त्रीय सङ्गीतको स्वर्ण कालखण्ड मानिएको राणाकालीन समयदेखि वर्तमान समयसम्म आइपुग्दा नेपालमा तबलावादन अन्तर्गत क्रियात्मक एवम् सैद्धान्तिक पक्षको विकासमा सहयोग पुग्ने किसिमबाट अनेक आयाममा निरन्तर अभिवृद्धि भएको छ । नेपालमा आजभन्दा ४ दशक अघिसम्म सौखका रुपमा रहेको तबलावादन वर्तमान समयसम्म आइपुग्दा अध्ययन र व्यावसायिक विषय हुन सकेको छ । नेपालमा शाह एवम् राणाकालीन कालखण्डदेखि वर्तमान समयसम्म तबला विधामा सरकारी, गैरसरकारी एवम् अन्तर्राष्ट्रीय तथा निजी स्तरका संस्थाहरूबाट विभिन्न आयामका कार्यहरू निरन्तर हुँदै आइरहेका देख्न सकिन्छ ।


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

प्रस्तुत आलेखमा नेपालमा तबला विषयमा एकिकरणभन्दा अघिबाट वर्तमान समयसम्म सरकारीस्तरबाट भएका कार्यहरुका बारेमा समेट्ने कोसिस गरिएको छ ।

**विषयप्रवेसः**

दक्षिण एसियाली राष्ट्रहरूमध्ये प्राचीन मानिएको नेपालको उल्लेख *अथर्व परिशिष्ट, कौटिल्यको अर्थशास्त्र, भविष्यपुराण* आदि प्राचीन ग्रन्थहरूमा गरिएको छ । त्यसैगरी भरतद्वारा रचना गरिएको *नाट्यशास्त्र* एवम् समुद्रगुप्त प्रशस्तिमा (नेपाल परिचय, २०७७ पृ.७७)पनि नेपालको उल्लेख रहेको छ (भट्टराई, २०७७ पृ.२५०) । नाट्य तथा सङ्गीत विषयको प्रामाणिक ग्रन्थ नाट्यशास्त्रका अनुसार प्राचीनकालमा अवनद्ध वाद्यहरूको प्रयोग सङ्गीत प्रस्तुतिका अवसरहरूमा उपरञ्जक वाद्यकारूपमा हुने गर्दथ्यो (चौधरी, सन् २००६ पृ.१५-१९) । भारतवर्षमा ध्रुपद, धमार गायन तथा वीणा वादनको प्रचलन अधिक भएको कालखण्डमा सङ्गतका लागि मृदङ्गको उपयोग गरिन्थ्यो । वर्तमान समयमा खयाल गायनका साथसाथै सितार, सरोद, बेला, बाँसुरी तथा कत्थक नृत्य विधाहरूको प्रचलनमा अधिकता भएका कारण तबलाको प्रयोग पनि सर्वाधिक हुने गर्दछ । भारतको उत्तरतर्फ रहेका विभिन्न राज्यहरूमा मुसलमानहरूको शासन सुरुवात भएसँगै प्रचलनमा आएको खयालगायन सङ्गीत शैलीमा आएको परिवर्तनसँगै तबलावादनपनि प्रचलनमा आएको थियो (मिस्त्री, सन् २००० पृ.४-६ तथा चौधरी, सन् २००६ पृ.११) । वर्तमान समयमा प्रचलनमा रहेको तबलाको विकास प्रचीनकालका त्रिपुष्कर वाद्यका तीनवटा भागहरूमध्ये आङ्किक, उर्ध्वकबाट भएको हो (मराठे सन् १९९१ पृ.२२-२७ तथा भण्डारी, २०५८, पृ.५) । दक्षिण एसियाली राष्ट्रहरूका साथै विश्वका अनेका स्थानमा तबलावादनले प्रसिद्धि प्राप्त गरेको छ । यसको उपयोग निरन्तर बृद्धी हुनुका पछाडिको एउटा कारण मध्ये अनेक प्रकारका अवनद्ध वाद्यहरूमा वादन गरिने शैलीहरूलाई तबलामा उतार्न सकिने भएकोले हुन पुगेको हो भन्न सकिन्छ । तबला जोडीमा पखावज जस्तै गम्भीर, ढोलक जस्तै गमक, नक्कारा जस्तै चञ्चल प्रकृतिका रचनाहरू वादन गर्न सकिन्छ (मराठे, सन् १९९१ पृ. ६२-७०) । त्यसकासाथै मादल, डमरु, धिमे, खैंजडी लगायत अन्य विभिन्न प्रकारका वाद्यहरूको वादन शैलीलाई तबलामा उतार्न सकिन्छ । अध्येताको अनुभवमा तबलाको अधिक प्रचलन दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटान तथा कर्नाटक शैलीको शास्त्रीय सङ्गीत अधिक प्रचलन भएका स्थानहरू बाहेकका अन्य राष्ट्रहरूमा रहेको पाएको छ ।

नेपाल एकीकरणभन्दा पहिला काठमाडौँ उपत्यकामा गोपाल, महिषपाल एवम् किरात वंशका राजाहरूले शासन गरेका थिए । गोपाल, महिषपाल एवम् किरात कालको भरपर्दो ऐतिहासिक स्रोतहरूको अभावका कारण (नेपाल परिचय, २०७७ पृ.७९-८३) उक्त कालखण्डमा उपयोग भएको सङ्गीत शैली र वाद्ययन्त्रहरूका बारेमा पनि यकिनकासाथ भन्न सकिने अवस्था रहेको छैन । तथापि सङ्गीत र मानवको अन्योन्याश्रित सम्बन्ध भएको हुनाले गोपाल, महिषपाल एवम् किरातकालमा सङ्गीत एवम् विभिन्न प्रकारका वाद्ययन्त्रहरूको प्रयोग हुने अनुमान भने लगाउन सकिन्छ । किरातहरूपछि लिच्छवी एवम् लिच्छवी पछी मल्लवंशको शासन सुरुवात भएको थियो । लिच्छवी तथा मल्लकालीन राजाहरू सङ्गीत प्रेमी भएका हुनाले त्यससमयमा मृदङ्ग लगायत अनेक प्रकारका वाद्ययन्त्रहरू वादन हुने पाइएको छ । लिच्छवीकालमा वाद्य वादन तथा प्रशिक्षणका लागि वाद्यवादकहरूको समूह एवम् उनीहरूको आजीविकाका निमित्त जग्गा गुठी राखिदिने प्रचलन रहेबाट (रेग्मी, २०८० पृ.१०३ -१०९) वाद्यवादकहरूको आधारभूत आवश्यकता परिपूर्तीका लागि सरकारी तवरबाट व्यवस्था हुने गर्दथ्यो भन्न सकिन्छ । मल्लहरूलाई हराएर पृथ्वीनारायण शाहले एकीकृत नेपालको शासन गर्न सुरुवात गरेका थिए । एकीकरण पश्चात् पृथ्वीनारायण शाहले नेपालमा बाहिरबाट कलाकार नभिकाउने आदेश भएतापनि उनीपछिका शासकहरूका समयमा भारतबाट गायक, सितारवादक एवम् कत्थक नृत्यका कलाकारहरू भिकाउने क्रम जारी रहेको थियो (तुलाधर, २०३६ पृ.७४-७५) । त्यससमयमा आएका सितारवादक एवम् कत्थक नृत्यका कलाकारहरूसँगै तबलावादक पनि आएको अनुमान गर्न कठिन पर्दैन । शाहकालीन समय मै नेपालको राजनितिमा जङ्ग बहादुर राणाको उदय भए पश्चात् राणाहरू सर्वेसर्वा हुन पुगेका थिए । जङ्ग बहादुर राणाले सुरुवात गरेको जहानिया राणा शासनले १०४ वर्ष पछी बि.सं.२००७ सालबाट विश्राम पाएको थियो (नेपाल परिचय, २०७७ पृ.१०२) । राणाकालीन समयमा भारतका विभिन्न स्थानहरूबाट शास्त्रीय सङ्गीत विधाका अनेक कलाकारहरू भिकाउने प्रचलनको बृद्धी भएबाट राणाकालीन समयमा शास्त्रीय सङ्गीत अझ मौलाएको थियो (Pokharel, 2019) । उनीहरूका विभिन्न दरवारहरूमा शास्त्रीय सङ्गीत अन्तर्गतका अनेक विधाका प्रस्तुतिहरू का साथमा तबलावादन हुने गर्दथ्यो । बि.सं.२००७ सालबाट २०६२/६३ सालसम्म नेपालमा राजाहरुले


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

शासन गरेका थिए भने, २०६२/६३ सालको जनआन्दोलन पश्चात् राष्ट्रमा गणतान्त्रिक प्रणाली अनुसार शासन चलेको छ । प्रस्तुत आलेखमा नेपालमा एकिकरणभन्दा अघिबाट सुरुवात भएको तबलावादनको विकासमा सरकारीस्तरबाट सुरुवातदेखि वर्तमान समयसम्म भएका प्रशिक्षण, प्रतियोगिता, मानसम्मान, रोजगारी, प्रकाशन, अनुसान्धान, विभिन्न वृत्तिहरू, सम्मेलन तथा प्रचारप्रसार कार्यहरूका बारेमा उल्लेख रहेको छ ।

**प्रशिक्षणः**

सङ्गीत प्रशिक्षणको सुरुवात मिति नै तोकेर भन्न सकिने अवस्था छैन । तथापी वैदिककालदेखि प्रचलित गुरुकुलहरूमा अन्य वेदहरुका साथै सामवेद प्रशिक्षण गरिने भएका कारण सङ्गीत प्रशिक्षण पनि हुने गर्दथ्यो भन्न सकिन्छ । सङ्गीत अन्तर्गत वाद्यवादन पनि पर्ने भएका कारण त्यस समयमा पनि वाद्यवादन प्रशिक्षण हुने अनुमान लगाउन सकिन्छ । सङ्गीत प्रशिक्षण औपचारिक एवम् अनौपचारिक दुइ प्रकारबाट हुने गर्दछ । विद्यालय, माध्यामिक तथा उच्च माध्यामिक विद्यालय एवम् विश्वविद्यालयबाट गरिने प्रशिक्षणलाई औपचारिक तथा अन्य संस्थाबाट हुने प्रशिक्षणलाई अनौपचारिक भन्न सकिन्छ । नेपालमा तबलावादन विषयमा दुवै प्रकारका तालिमको प्रचलन रहेको छ । नेपालमा लिच्छवीकालभन्दा अघिको इतिहासका बारेमा भरपर्दो ऐतिहासिक स्रोतहरूको अभाव भएको हुनाले (नेपाल परिचय, २०७७ पृ.७९-८३) त्यससमयमा सङ्गीत प्रशिक्षण हुने नहुने विषयमा ठोस तथ्य प्राप्त हुन सकेको छैन । लिच्छवीकालमा शैक्षिक व्यवस्थापनका विभिन्न निकायहरू (अग्रहार) गठन गरिएको थियो । लिच्छवीकालमा शिक्षाका केन्द्रका रूपमा रहेका गुरुकुलमा सङ्गीत प्रशिक्षणको पनि व्यवस्था रहेको थियो (Dhamala, 2022) । त्यसकासाथै यसकालमा बाजा बजाउनका लागि नियुक्त हुने वादित्रगोष्ठीका माध्यमबाट प्रशिक्षण पनि दिने प्रचलन रहको थियो । त्यसपछि नेपालका शासनकर्ता मल्लहरूका दरवारमा मैथिली ब्राह्मणहरूद्वारा सङ्गीत प्रशिक्षण दिने प्रचलन रहेको थियो (रेग्मी, २०८० पृ.१०३-१२७) ।

नेपाल एकीकरण पश्चात् पहिलो शासनकर्ताका रुपमा रहेका राजा पृथ्वीनारायण शाहका शासनकालमा नृत्य आदि कार्यक्रम हुने भएतापनि प्रशिक्षण हुने उल्लेख भने प्राप्त भएको छैन । राणाकालीन समयमा दरवारी तथा दरवारसँग निकटस्थ व्यक्तिहरू तथा तालिमेहरूले तबलावादनको तालिम अनौपचारिक रुपमा ग्रहण गर्दथे (शाक्य, २०६७ पृ.९७-१०४) । राणाकालीन समयमा स्थापना भएको पद्म कन्या माध्यामिक विद्यालयमा सङ्गीत विषयको पनि प्रशिक्षण गरिने गर्दथ्यो । उक्त विद्यालयका सङ्गीत प्रशिक्षक गायन लगायत अन्य विधाका पनि ज्ञाता भएका (Pokhrel, 2017 p.12) कारण तबला पनि प्रशिक्षण गराउने अनुमान लगाउन सकिन्छ । बि.सं.२००७ सालमा देशमा प्रजातन्त्रको स्थापना भएको थियो । प्रजातन्त्र पश्चात् स्थापना भएका सरकारी संस्थाहरूका माध्यमबाट तबलावादन प्रशिक्षणको सुरुवात भएको थियो ।

बि.सं. २००७ साल चैत २० गते विधिवत् स्थापना भएको रेडियो नेपालको वर्तमान समयमा काठमाडौँको सिंहदरवारमा रहेको प्रधान कार्यालयमा तबलावादनको तालीम प्रदान गरिन्छ । संस्थाले वाद्य वादन प्रशिक्षण माध्यमबाट सबै स्तरका कलाकार एवम् विद्यार्थीहरूलाई प्रशिक्षणका साथै कार्यक्रम प्रस्तुतीकरणको अवसर प्रदान गर्ने गरेको थियो (रेग्मी, २०७७ पृ.२) । वर्तमान समयमा यस संस्थामा तबला प्रशिक्षण ४५ दिनको हुने तथ्य रेडियो नेपालका अधिकारीद्वारा जानकारी प्राप्त भयो। त्यसैगरी बि.सं. २०११ सालमा नेपाल सङ्गीत महाविद्यालयको स्थापना गरिएको थियो । सङ्गीत प्रशिक्षण हुने यस महाविद्यालयमा सङ्गतका रूपमा तबलावादन गरिनुकासाथै प्रशिक्षण हुनसक्ने अनुमान लगाउन सकिन्छ (Pokhrel, 2017 p.13) ।

वि.सं. २०१४ सालमा स्थापना भएको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान/नेपाल प्रज्ञा प्रतिष्ठानमा पनि तबला प्रशिक्षण हुने अर्को संस्थाको रुपमा रहेको थियो । स्थापनादेखि वि.सं. २०४० को दशकसम्म संस्थामा तबलावादन विषयका प्रशिक्षण एवम् रोजगारीको अवसर रहेको थियो (रावल, २०६३ पृ.२७०-२७१) । प्रतिष्ठानमा वाद्य शिरोमणि गणेशलाल श्रेष्ठले कार्य गरेका थिए । त्यसकासाथै यस संस्थामा सत्यनारायण चौधरीले ३ वर्षका लागि तबलावादकका रूपमा कार्य गरेका थिए । तबलावादक होमनाथ उपाध्यायले यस संस्थामा सन् १९६९ देखि १९७१ सम्म कार्यरत थिए (दर्नाल, २०३८ पृ. २४५) । संस्थामा राधाकृष्ण चनले पनि तबला प्रशिक्षकका रूपमा कार्य गरेका थिए (दर्नाल, २०३८ पृ. १८९) । त्यसैगरी वि.सं.२०३७ साल ताका तबलावादक सुमित्रा श्रेष्ठले यस संस्थाबाट तबला प्रशिक्षण प्राप्त गर्नुका साथै केही समय कार्यपनि गरेकी थिइन् (श्रेष्ठ, सुमित्रा, व्यक्तिगत सञ्चार, २०८०, कार्तिक, २८) । राजा महेन्द्रका


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

पालामा स्थापना भएको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा केही दशक अघिसम्म तबलावादनको प्रशिक्षण एवम् रोजगारिको व्यवस्था भएपनि (रेग्मी, २०७७ पृ.३) हाल सो व्यवस्थाको अन्त्य भएको छ ।

नेपालमा औपचारिक रुपमा तबला प्रशिक्षण हुने प्रसिद्ध संस्था त्रिभुवन विश्वविद्यालय हो । त्रिभुवन विश्वविद्यालयको मानविकी तथा समाजिक विज्ञान सङ्काय अन्तर्गत पठनपाठन हुने रत्नराज्य एवम् ललितकला क्याम्पसहरूमा शास्त्रीय सङ्गीतको पठनपाठन क्रमसः वि.सं. २०३० र २०३३ सालबाट सुरुवात भएको थियो । उक्त संस्थाहरूमा स्नातक तहमा सङ्गीतको पठनपाठन हुने गर्दछ (Poharel, 2016 p.80-100) । वि.सं.१९९० सालमा राणा प्रधानमन्त्री जुद्ध शमशेरद्वारा जुद्ध कला पाठशाला रूपमा स्थापना भएको संस्थालाई वर्तमान समयमा ललितकला क्याम्पसको नामबाट चिनिन्छ । वि.सं.२०३५ सालबाट क्याम्पसमा तीन वर्षे स्नातक तहको सुरुवात भएको संस्थामा होमनाथ उपाध्याय तबला सङ्गतकारकारूपमा नियुक्त भएका थिए । ललितकला क्याम्पसमा तबलावादन शिक्षाको सुरुवात वि.सं. २०४८ सालबाट भएको थियो । वि.सं. २०६९ सालबाट चार वर्षे स्नातक तह सञ्चालनमा रहेको क्याम्पसमा वि.सं.२०७० सालबाट तबला मुख्य विषयका रूपमा पठनपाठन सुरुवात भएको थियो (Pokharel, 2016 p. 86-105) । ललितकला क्याम्पस तथा केन्द्रीय विभागमा स्नातक एवम् स्नातकोत्तर तहमा तबला मुख्य विषयका रूपमा पाठन सुरुवात भए पछि तबला विषयमै उच्च शिक्षा ग्रहण गर्नका लागी भारत जानुपर्ने वाध्यताको अन्त्य भएको छ ।

ललितकला विषयमा स्नातकोत्तर तहको अध्ययनका लागी त्रिभुवन विश्वविद्यालयबाट ललितकला केन्द्रीय विभागको स्थापना बि.सं.२०६८ सालमा भएको थियो । अध्येताद्वारा वि.सं. २०८१ साउन ३२ गते संस्थाबाट सङ्कलन गरेको तथ्यका आधारमा स्नातक तहमा तबला विषयलाई पनि मुख्य विषय बनाउनमा अग्रजहरू अच्युतराम भण्डारी, रबिनलाल श्रेष्ठ, प्रेमचन्द्र ओझैयाको नेतृत्वदायी भूमिका रहेको तथ्य प्राप्त गरेको छ । त्यसैगरी स्नातकोत्तर तहमा तबला विषय पठन-पाठन कार्यान्वयनमा ज्ञानुराधा गोर्खालीको नेतृत्वदायी योगदान रहेको र पाठ्यक्रम निर्माण गर्नमा परशुराम पौडेलले महत्वपूर्ण भूमिका निभाएका थिए । तबला प्रशिक्षण हुने अर्को सरकारी संस्था सांस्कृतिक संस्थान/राष्ट्रीय नाचघर पनि हो । सुरुवातमा राष्ट्रिय नाच घरमा तबलावादनको तालीम २ वर्षको हुने गर्दथ्यो (स्वर मध्यमा, सन् २०२१) । त्यसपछि प्रशिक्षणको अवधी क्रमसः १ वर्ष, ६ महिना हुँदै वर्तमान समयमा तीन महिनाको रहेको छ । काठमाडौं उपत्यकामा रेडियो नेपाल, त्रिभुवन विश्वविद्यालय एवम् यसका आङ्गिक क्याम्पसहरू एवम् संस्कृतिक संस्थान/राष्ट्रीय नाचघर आदिमा तबलावादन प्रशिक्षण हुँदै आएको पाइन्छ ।

त्रिभुवन विश्वविद्यालयमा तबला प्रशिक्षण हुँदै आएको भएतापनि प्रशिक्षण शैली र पच्छ्याइएको पाठ्यक्रमका विषयमा पनि केहि सुधार गरिनुपर्ने आवश्यकता रहेको विषयमा पनि तथ्यहरू देखा परेका छन् । शास्त्रीय सङ्गीत अन्तर्गत गायन, वादन एवम् नृत्य विधा पठनपाठन हुने नेपालको एकमात्र विश्वविद्यालय अन्तर्गतका विभिन्न क्याम्पसहरूमा हुने सङ्गीत विषयको पठनपाठनबाट आर्थिक रुपमा सबल हुन नसकिने रहेको छ । त्यसैगरी यस संस्थामा पठनपाठन हुने सङ्गीत विषयको पाठ्यक्रमका साथै प्रशिक्षण गराइने तरिका पनि पुरानो ढर्राको भएको हुनाले उक्त पाठ्यक्रम अनुसार गराइने पठनपाठनबाट वर्तमान समयमा विश्व बजारमा अद्वितीय प्रभाव पार्न सकिदैंन । त्यसकालागि विश्व बजारमा छुट्टै प्रभाव पार्न सकिने किसिमबाट पाठ्यक्रमको निर्धारण गरी पठनपाठन गर्नु अत्यावश्यक भइसकेको छ (Regmi, 2022) । पाठ्यक्रम तथा शिक्षणशैलीमा सुधार गर्नुभन्दा पहिला संस्थागत तवरमा सङ्गीत पठनपाठन गराउनुको उद्देश्य निर्धारण गर्नु नितान्त आवश्यक हुने गर्दछ । नेपालमा संस्थागत तवरमा गरिने सङ्गीत पठनपाठनको प्रमुख उद्देश्य प्रस्तोता, प्रशिक्षक, अनुसन्धाता, सङ्गीत समिक्षक, सङ्गीत पत्रकारिता, रेकर्डिस्ट, सङ्गीत कार्यक्रम सम्योजक अथवा अरु के भन्ने विषयमा हालसम्म कुनै जानकारी अध्येताले प्राप्त गर्न सकेको छैन । वर्तमान समयमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललितकला केन्द्रीय विभाग एवम् ललितकला क्याम्पसमा लागु भएको पाठ्क्रमलाई हेर्दा माथि उल्लेख गरिएका मध्ये प्रस्तोता, प्रशिक्षक, अनुसन्धाता एवम् रेकर्डिङ्ग क्षेत्रमा कौतुहल बृद्दी गर्ने किसिमको रहेको पाइन्छ । बाँकी रहेका अन्य पक्षमा अघि बढ्ने किसिमबाट पाठ्क्रम एवम् जनशक्तीबाट पठनपाठन हुन सकेमा अझ उत्तम हुन सक्ने पक्षमा अध्येता विश्वस्त रहेको छ । त्यसैगरी संस्थाबाट उत्पादित जनशक्ती माथि उल्लेख गरिएका मध्ये कुन पक्षमा अब्बल छन् भन्ने विषयमा सम्बन्धित पक्षले अनुसन्धान गरेर तथ्य प्रकाशन गरेको जानकारी छैन । कुनैपनि संस्थाबाट उद्देश्य विहिन कार्य गरेर विश्वब्यापी सफलता प्राप्त भएन भन्नु

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

हास्यास्पद नै मान्न सकिन्छ । तोकिएको पाठ्क्रम अनुसार उत्पादित जशक्तिका बारेमा अनुसन्धान नै नगरी शिक्षण शैली एवम् पाठ्यक्रममा मात्र दोष थोपर्ने प्रवृत्ती उपयुक्त होला र ।

**प्रतियोगिताः**

*प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९)का अनुसार कुनै विषयमा उत्तम हुन गरिएको उछिनपाछिन नै प्रतियोगिता हो भनेर परिभाषित गरिएको छ । तबलावादनका महत्वपूर्ण अवयवहरुमध्ये प्रतिष्पर्धा पनि महत्वपूर्ण अवयवका रूपमा रहन्छ (मुलगांवकर, सन् २०१८ पृ.३१५-३२५) । कुनैपनि विषयमा प्रतियोगिताका कारण विषयको गुणस्तर बढ्ने तथा प्रविधिको विकासमा अग्रसर हुन्छन् (Swatee, २०६२) । प्रतियोगितामा सहभागी हुँदा आफ्नो कमजोरीको ज्ञान हुने गर्दछ । यस प्रकारका प्रतिस्पर्धामा निरन्तर सहभागिता जनाउँदा प्रतियोगिमा भएका कमजोरीहरू हटाउन मद्दत पुग्दछ (Parikh, 2018) । नेपालमा शास्त्रीय सङ्गीत अन्तर्गत तबलावादन विधामा प्रतिस्पर्धाको आयोजना हुने गरेको थियो । त्यसमध्ये केहि संस्थाहरूले यस प्रकारका कार्यक्रमलाई निरन्तरता पनि दिँदै आएका छन् ।

नेपालमा वि.सं.१९८७ सालमा प्रधानमन्त्री भीम शमशेरका पालामा टङ्गाल दरवारमा प्रतियोगितात्मक शास्त्रीय सङ्गीत जलसा आयोजना गरिएको थियो (भण्डारी, निरञ्जन सन् २०१४ पृ.१२१) । सो प्रतियोगितामा त्यससमयमा नेपालमा भएका शास्त्रीय सङ्गीतका उस्तादहरूले भाग लिएको उल्लेख प्राप्त भएता पनि पुष्टि हुने अन्य तथ्य प्राप्त हुन सकेको छैन । त्यसगरी तबलावादक राधाकृष्ण चनको संयोजनमा वि.सं.२००९ सालमा हनुमान ढोकामा शास्त्रीय सङ्गीत प्रतियोगिताको आयोजना भएको थियो (दर्नाल-१, २०३८ पृ.१९८) । शास्त्रीय सङ्गीत विषयको प्रतियोगिता भएको हुनाले तबलावादन विधाको पनि प्रतियोगिता भएको हुनसक्ने अनुमान लगाउन सकिन्छ । रेडियो नेपालले वि.सं.२०४७ सालसम्म तबलावादन प्रतियोगिताको आयोजना गर्ने गरेकोमा (A life in music, 7th Episode 2020) त्यसपछी स्थगित गरेको छ । शास्त्रीय सङ्गीत प्रतियोगिता स्थगित हुनुका पछाडी सहभागिता कम भएको कारण देखाउने गरिएको छ (वीरगञ्ज सञ्जाल, २०७७) । रेडियो नेपालद्वारा वि.सं.२०१५ सालमा आयोजना गरेको तबलावादन प्रतियोगितामा शम्भु प्रसाद मिश्र प्रथम भएका थिए (शाक्य २०६७ पृ.१०६) । त्यसकासाथै रेडियो नेपालद्वारा २०३४, २०४३ सालमा आयोजित तबलावादन प्रतियोगितामा अच्युतराम भण्डारी (Haamro Kathmandu TV, 2018) महेन्द्र लाखे क्रमसः प्रथम भएका थिए । संस्थाद्वारा वि.सं.२०२१ र २०३४ सालमा आयोजित तबलावादन प्रतियोगितामा केशव नारायण ताम्राकार क्रमसः तेश्रो र प्रथम भएका थिए (शाक्य, २०६७ पृ. ११६-१२२) । वर्तमान समयमा संस्थाका सङ्गीत विभाग प्रमुख तबलावादक मनराज नकर्मीका अनुसार तबलावादन प्रतियोगितामा होमनाथ उपाध्याय, डङ्गनदास चौधरी, नवराज गुरुङ्ग, कौशल कुमार उपाध्याय, विदुर राज कर्णिकार, अतुल प्रसाद गौतम, रविनलाल श्रेष्ठ, मिलेश तण्डुकार आदि प्रथम भएका थिए (नकर्मी, मनराज, व्यक्तिगत सञ्चार, आश्विन/३०/२०८०) । यस संस्थाबाट विभिन्न समयमा तबलावादन प्रतियोगितामा प्रथम भएका तबलावादकहरुले वर्तमान समयमा प्रशिक्षण लगायत अन्य प्रकारबाट योगदान पुर्याएका छन् ।

**मानसम्मान/पुरष्कारः**

नेपालमा मल्लकालिन समयदेखि नै वाद्यवादकहरुलाई मान सम्मान गरिने प्रचलन रहेको थियो ((रेग्मी, २०८० पृ.११५-१२७) । उक्त परम्परा शाह एवम् राणाकालमा पनि यथावत नै रहेको थियो । एकीरण पश्चात् शास्त्रीय सङ्गीत विषयको स्वर्ण युगका रुपमा मानिएको राणाकालीन समयमा (रेग्मी, २०८० पृ.१५३) पनि तबलावादकहरूलाई विभिन्न किसिमबाट सम्मान गरिने गर्दथ्यो । जङ्ग बहादुर राणाले वनारसका प्रख्यात तबलावादक भैरव सहायलाई सङ्गत सम्राटको उपाधि सहित उपहारका रूपमा शाही पोशाक, घोडा, तरवार एवम् राइफल प्रदान गरेका थिए (वशिष्ट, सन् २००९, पृ.२३१ र मुलगांवकर, सन् २०१८ पृ.४५०) । त्यसैगरी तबलावादक बाला प्रसाद शर्मालाई चन्द्र शमशेरद्वारा नेपालको नागरिकताका साथै जमीन तथा सम्पत्ति प्रदान गरेका थिए (रावल, २०६३ पृ.२६७) । प्रधानमन्त्री चन्द्र शमशेरले उनलाई तराइमा ५ सय बिगाहा जमीन प्रदान गरेका थिए । तबलावादक नानक प्रसाद मिश्रलाई राजा पृथ्वी वीर विक्रम शाहले पुरष्कारका साथै सङ्गीताचार्य उपाधिद्वारा सम्मान गरेका थिए (दर्नाल, २०३८ पृ.५) । राणा प्रधानमन्त्री चन्द्र शमशेरले उजिर तण्डुकारलाई बहुमुल्य पुरष्कार प्रदान गरेका थिए (सैंजू, २०६७ पृ.११७) । ध्रुवेशचन्द्र रेग्मीद्वारा लिखित *नेपाली सङ्गीत दरवार आदिकालदेखि आधुनिककालसम्म* पुस्तकको पृष्ठ १५७ मा बगेडी सम्मेलनमा उत्कृष्ट ठहरिएका सङ्गीतज्ञलाई उनको तौल बराबरको सुनको असर्फी प्रदान गरेको उल्लेख गरेका छन् । शाह तथा राणाकालीन समयमा भारतीय कलाकारहरूलाई कम्पनी (भारतीय रुपैंया) र नेपाली कलाकारहरूलाई मोरु (नेपाली


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

रुपैँया)मा पारिश्रमिक प्रदान गरिने उल्लेख पनि पृष्ठ २११ मा रहेको छ । उल्लेख गरिएका तथ्यका आधारमा २००७ सालभन्दा अगाडी राजा एवम राणाहरूका समयमा तबलावादकहरूले यथेष्ट एवम् मनमाफिक पुरष्कार प्राप्त गर्ने गरेका थिए भन्न सकिन्छ ।

बि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात् शाहकालीन समयदेखि वर्तमान समयमापनि तबलावादकहरूलाई सम्मान गरिँदै आइएको छ । अनेक प्रकारका बाजाहरुका साथै तबला पनि वादन गर्ने गणेशलाल श्रेष्ठलाई राजा महेन्द्रद्वारा इन्द्र राज्य लक्ष्मी पुरस्कारका साथै वाद्य शिरोमणि उपाधि प्रदान गरेका थिए (सैंजू, २०६७ पृ.११७) । त्यसैगरी उनले तबलावादक शम्भु प्रसाद मिश्रलाई राजप्रासाद सेवा र शुभराज्याभिषेक पदक प्रदान गरेका थिए । त्यसकासाथै शम्भु प्रसाद मिश्रले वि.सं २०१५ सालमा रेडियो नेपालद्वारा आयोजना गरिएको तबलावादन प्रतियोगितामा प्रथम भए बापत स्वर्ण पदक प्राप्त गरेका थिए । उनी दरवारी तबलावादक भएका हुनाले राजाहरूबाट बक्सिस पनि प्राप्त गर्दथे (सैंजू,२०६७ पृ.१२५) । वि.सं.२०२२ सालदेखि रेडियो नेपालमा वाद्य प्रवन्धक रहेका तबलावादक काली प्रसाद शर्मा गोरखा दक्षिण बाहु (चौथो)बाट सम्मानित भएका थिए (शाक्य, २०६७ पृ. १०४) । तबलावादक अच्युतराम भण्डारीले राजा विरेन्द्रका समयमा उनका सम्मुख तबलावादन प्रस्तुत पश्चात् प्रसन्न भएर उनलाई मनमाफिक पुरस्कारका लागि सोधेका अध्येतालाई बताएका थिए । रेडियो नेपालका तबलावादक राजु अग्रवालले प्रबल गोरखा दक्षिण बाहु, वीरेन्द्र-ऐश्वर्य पदक गद्दी आरोहण रजत पदक पुरस्कार प्राप्त गरेका थिए । त्यसैगरी तबलावादक सरिता मिश्रले सु-प्रबल जन सेवा श्री (चतुर्थ), पुरस्कार प्राप्त गरेकी छिन् । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानबाट प्रदान गरिने सङ्गीत तथा नाट्य प्रज्ञा पुरस्कारबाट बि.सं.२०७६ सालमा तबलावादक रामहरि गुरुङलाई पुरष्कृत गरिएको थियो (Nepal Academy of Music and Drama, 2077) । कुनैपनि कार्य गरेबापत प्राप्त गरिने पुरष्कारबाट अझ हौसला प्राप्त हुने गर्दछ । राज्यका तर्फबाट पुरष्कार तथा मानसम्मान प्राप्त भएको खण्डमा दायित्व बोध हुनुका साथमा आफ्नो कर्मलाई राष्ट्रले पनि पहिचान गरेमा उत्साहपूर्वक कार्य हुने गर्दछ ।

**सम्मेलनः**

कुनैपनि सङ्घसंस्थाका सदस्यहरू अथवा एकमत भएका व्यक्तिहरू कुनै निश्चित उद्देश्य तथा कार्यक्रमका साथ जम्मा हुने गर्दछन् भने, त्यसलाई सम्मेलन भनिने उल्लेख प्रज्ञा नेपाली बृहत् शब्दकोश (२०७९)मा रहेको छ । नेपालमा पहिलो पटक वि.सं. १९५६ सालमा वीर शमशेरले सङ्गीत सम्मेलनको आयोजना गराएका थिए । वर्तमान समयको वीरगञ्जमा एक महिनासम्म भएको उक्त सम्मेलनमा नेपाल तथा भारतका शास्त्रीय सङ्गीत विधाका अनेक कलाकारहरूले भाग लिएका थिए (रेग्मी, २०८० पृ. १५७ ) । त्यसैगरी बि.सं. २०२९ सालमा सिंहदरवारमा सङ्गीत सम्मेलन भएको थियो (दर्नाल, २०३८ पृ.१९४) । सिंहदरवारमा रहेको नाचघरमा आयोजना गरिएको शास्त्रीय सङ्गीत सम्मेलनमा शम्भु प्रसाद मिश्रले तबलावादन गरेका थिए । त्यसकासाथै रेडियो नेपालमा बि.सं. २०१५ सालमा भएको सङ्गीत सम्मेलनमा तबलावादन प्रतियोगिता आयोजना गरिएको थियो । यसैगरी संस्थाद्वारा बि.सं. २०२४ र २०२६ सालमा सङ्गीत सम्मेलनको आयोजना गरेको थियो । उक्त सम्मेलनमा प्रथम भएका तबलावादक होमनाथ उपाध्यायलाई राजा महेन्द्रले स्वर्ण पदकबाट पुरष्कृत गरेका थिए (शाक्य, २०६७ पृ.१०६-१२५) । बि.सं. २०१६ सालमा राजदरवारमा सङ्गीत सम्मेलन भएको थियो (दर्नाल, २०३८ पृ.९३) । निरञ्जन भण्डारीद्वारा सन् २०१४ मा बनारस हिन्दुविश्वविद्यालयबाट गरिएको *नेपाल में भारतीय शास्त्रीय सङ्गीत के विकास में नेपाली शास्त्रीय गायकों वादकों की भूमिका एवम् उनका योगदान* शीर्षकमा सम्पन्न गरिएको विद्यावारिधी शोध प्रबन्धमा रेडियो नेपालद्वारा वि.सं.२०१५, २०१९, २०२१, २०२३, २०२५, २०३७ सालमा शास्त्रीय सङ्गीत सम्मेलनको आयोजना गरेको उल्लेख रहेको छ । रेडियो नेपालले वि.सं.२०१९ चैत्र २०, २१, २२ गते स्थापनाको १३ औं जन्मजयन्तिको अवसरमा अखिल नेपाल शास्त्रीय सङ्गीत सम्मेलनको आयोजना गरेको थियो (तुलाधर, २०३६ पृ.७५) । साथै वि.सं.२०७९ सालमा एक दिवसीय शास्त्रीय सङ्गीत सम्मेलनको आयोजना गरिएको थियो । अध्येताद्वारा वि.सं.२०८० आश्विन १४ मा सिंहदरवारमा अवस्थित नेपाल टेलिभिजनको कार्यालयबाट प्राप्त तथ्यका अनुसार वि.सं.२०५७ सालमा शास्त्रीय सङ्गीत सम्मेलन आयोजना गरिएको थियो । यस प्रकार नेपालमा राणाकालीन समयदेखि वर्तमान समयसम्म शास्त्रीय सङ्गीतसम्मेलनहरूमा साथ सङ्गत तबलावादन प्रतियोगिता पनि आयोजना भएको पाइन्छ । शास्त्रीय सङ्गीत सम्मेलनमा हुने प्रतियोगिता एवम् अन्य विधाका साथमा गरिने तबलावादनबाट प्रचारप्रसार पनि हुने


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

गर्दथ्यो भन्न सकिन्छ। तथापी नेपालमा हालसम्म भएका शास्त्रीय सङ्गीत सम्मेलन क्रियात्मक पक्षमा अधिक कार्यशील भएको पाइन्छ ।

**पुस्तक प्रकाशनः**

दक्षिण एसियाली सङ्गीत विषयका विद्वानहरूका अनुसार सङ्गीत विषयमा लेखन कार्यको सुरुवातका बारेमा अनेक मतहरू उपलब्ध छन् । त्यसमध्ये एक मत अनुसार महर्षि वेदव्यासद्वारा गायन गर्न सकिने ऋचाहरूको सङ्कलन गरेर लेखिएको सामवेदबाट भएको थियो (Baithak, 2015)। त्यसैगरी अर्को मत अनुसार महर्षि वेदव्यासद्वारा सामवेद लेखन गर्नुभन्दा पहिला श्रृष्टिकर्ता ब्रह्माले गन्धर्व वेदको निर्माण गरेका थिए (रेग्मी, २०८० पृ.४) । उल्लेख गरिएका दुवैमत अनुसार दक्षिण एसियाली राष्ट्रहरू र चलनमा रहेको शास्त्रीय सङ्गीतको उद्गमका रूपमा उल्लेख गरिएका सामवेद एवम् गन्धर्व वेदलाई मानिने गरिन्छ । त्यसपछी भरतद्वारा लेखिएको नाट्यशास्त्रलाई सङ्गीत विषयको पनि प्रमाणिक ग्रन्थ मानिएको छ । नेपाली भाषामा अनुवादित ग्रन्थको दोश्रो संस्करण वि.सं. २०७७ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशित गरेको छ । उक्त ग्रन्थमा ताल विषयलाई ३१ र ३४ औं अध्यायमा समेटिएको छ । उक्त ग्रन्थमा ताल विषयमा अनेक विवरणहरू रहेका छन् ।

नेपालमा शाह तथा मल्लकालमा सङ्गीत विषयका पुस्तकहरूको लेखन गर्ने परिपाटी भएसँगै (रेग्मी, २०८० पृ.१२५-१२६) लेखन कार्य निरन्तर रूपमा हुने गरेको छ । सङ्गीत विधाहरूमा तालको अपरिहार्यता रहेको हुनाले नेपालमा विभिन्न कालखण्डमा लेखिएका सङ्गीत विषयका ग्रन्थहरूमा तालको पनि उल्लेख गरिएको अनुमान लगाउन सकिन्छ । सङ्गीत अन्तर्गत गायन विधाका *सङ्गीत प्रवेशिका, स्वर ताल परिचय, सङ्गीत सुबोधिनी, सङ्गीत सुरस, सङ्गीताञ्जली* लगायत अन्य पुस्तकहरूका ताल सम्बन्धी जानकारी रहेका कारण मल्लकालीन समयमा लेखिएका सङ्गीत विषयका ग्रन्थहरूमा ताल विधामा पनि समेटिएको हुनसक्ने अनुमान लगाउन सकिन्छ। नेपालको सङ्गीत इतिहासमा तबलावादकद्वारा लिखित पहिलो पुस्तक तबलावादक नानक प्रसाद मिश्रद्वारा लिखित पुस्तक *नानक नमूना* हो । उक्त पुस्तक क्रमसः वि.सं. १९५८ र २००९ सालमा प्रकाशित भएको थियो (दर्नाल, २०३८ पृ.६) । अध्येताले उक्त पुस्तक हालसम्म प्राप्त गर्न नसकेको भएतापनि तबलावादकद्वारा लेखिएको हुनाले तबला वादनमा सहयोग हुने किसिमका रचनाहरू उक्त पुस्तकमा हुनसक्ने अनुमान लगाउन सकिन्छ । त्यसैगरी तबला विषयमा प्रकाशित अर्को पुस्तक तबलावादक कालीप्रशाद शर्माद्वारा लिखित् *तबला बोध* हो । उक्त पुस्तक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा वि.सं. २०२४ सालमा प्रकाशित भएको थियो । तबलावादक होमनाथ उपाध्यायले पनि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा विद्वत्वृत्ति प्राप्त गरी अनुसन्धान पश्चात् पाण्डुलिपि पनि तयार गरेका थिए (दर्नाल, २०३८ पृ.२४५) भन्ने तथ्य बाहेक विस्तृत जानकारी प्राप्त गर्न सकिएको छैन । तथापि उनले प्रकाशन गरेको ताल पुष्पाञ्जली नामक पुस्तक उक्त पाण्डुलिपिको पुस्तकाकार हुनसक्ने अनुमान अध्येताको रहेको छ । त्यसैगरी रेडियो नेपालबाट वार्षिक रूपमा प्रकाशन हुने *झङ्कार* नामक पत्रिकामा सङ्गीत विषयमा आलेखहरू प्राप्त हुने भएतापनि तबलावादकहरूद्वारा लेखिएका लेखहरूभने अध्येताले प्राप्त गर्न सकेन ।

**अनुसन्धान**

तबला विषयमा गरिने अनुसन्धान क्रियात्मक एवम् सैद्धान्तिक गरी २ किसिमबाट विभाजन गर्न सकिन्छ । तबला विषयको क्रियात्मक अनुसन्धान अन्तर्गत सङ्गत तथा स्वतन्त्र वादनबाट उत्पन्न हुने प्रभावका बारेमा खोजि गरिन्छ । तबलावादनमा प्रयोग गरिने विश्तारशील एवम् अविष्तारशील रचनाहरूको निर्माण लगायत लयकारी आदि सैद्धान्तिक अनुसन्धान अन्तर्गत पर्ने गर्दछ । नेपालको परिप्रेक्षमा तबलावादन विषय अन्तर्गत सैद्धान्तिक अनुसन्धान केही समयदेखि अभिवृद्धि भएको अध्येताले अनुभव गरेको छ । विश्वविद्यालयको मेरुदण्डको रुपमा रहेको अनुसन्धान कार्यबाट (रेग्मी, २०७७ पृ.४) संस्था एवम् विषय दुवै मजबूत हुनजान्छ । त्रिभुवन विश्वविद्यालयसँग प्रत्यक्ष सम्बन्ध भएका अनेक अङ्गबाट धेरै अघिदेखि नै जर्नलहरू प्रकाशन हुने भएतापनि तबलावादक एवम् तबला विषयमा लेखहरू भने विगत २-४ वर्षदेखि मात्र प्रकाशित हुने गरेको अनुभव अध्येताले गरेको छ । त्यसैगरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान एवम् नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाट *प्रज्ञा* तथा *राग रङ्ग* नामक जर्नल प्रकाशित हुने गर्दछ । उल्लेख गरिएका संस्थाहरुबाट प्रकाशन हुने जर्नलहरूमा तबला विषयमा लेखिएको लेख अध्येताले हालसम्म प्राप्त गर्न सकेको छैन । त्रिभुवन विश्वविद्यालयका विभिन्न अङ्गबाट प्रकाशित हुने जर्नलहरूमा तबला विषयका अनेक आयाम


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

समेटिएका लेखहरू प्रकाशित भएका छन् । केहि समयदेखि मात्र प्रकाशनमा आउन थालेका उक्त लेखहरूबाट तबला विधाका अनेक आयाममा अनुसन्धान कार्यको सुरुवात भएको छ भन्न सकिन्छ।

**प्रचारप्रसारः**

निश्चित् विषयलाई लोकप्रिय बनाउने र चारैतिर फैलाउने कार्य नै प्रचारप्रसार हो । नेपालमा तबलावादनको सुरुवात एकीकरणभन्दा पहिलादेखि नै भएको अनुमान गोरखा दरवारमा खयाल गायक आएबाट हुने गर्दछ । नेपाल एकीकरण पश्चात् भारतबाट खयाल गायकका साथै सितार, तबला, कत्थक आदि विधाका कलाकारहरू आउने गर्दथे । शाह राजाहरूकै समयबाट नेपालको राजनीतिमा आफ्नो प्रमुख भूमिका निर्माण गर्न सफल राणाकालीन समयमा भारतका बिभिन्न स्थानबाट तबलावादकका साथै अन्य विधाका कलाकारहरू प्रसस्त मात्रामा नेपालमा आउने गर्दथे । त्यससमयमा दरवारहरूमा मात्र तबलावादन हुने भएका कारण नेपाली जताहरूका माझमा तबलावादनको प्रचारप्रसार हुन सकेको (रावल, २०६३ पृ. २६६-२७०) नभएतापनि भारतीय कलाकारहरूका बिचमा निकै प्रचारप्रसार भएको थियो । त्यसकारण भारतीय कलाकारहरू नेपालका विभिन्न दरवारमा आउन लालायित हुने गर्दथे । बि.सं. २००७ सालमा देशमा प्रजातन्त्रको स्थापनासँगै खुलेको रेडियो नेपालमा माध्यमबाट प्रसारण हुने शास्त्रीय सङ्गीत लगायत अन्य सङ्गीतका माध्यबाट पनि तबलावादन सुन्न सकिने हुनाले यसको प्रचारप्रसार भएको थियो । त्यस पश्चात् नेपाल टेलिभिजनबाट प्रसारण हुने शास्त्रीय सङ्गीत कार्यक्रमका माध्यमबाट तबला विषयको प्रचारप्रसारमा महत्वपूर्ण योगदान पुर्याएको पाइन्छ । त्यसकासाथै राष्ट्रीय नाचघर, नेपाल प्रज्ञाप्रतिष्ठान, नारायणहिटी भजन गृहमा हुने कार्यक्रमका माध्यमबाट पनि तबलावादनले फैलने मौका पाएको थियो । वर्तमान समयमा त्रिभुवन विश्वविद्यालयका आङ्गिक एवम् सम्बन्धन प्राप्त क्याम्पसहरू तथा ललितकला केन्द्रीय विभागमा हुने सङ्गीत तथा तबला पाठन पाठनबाट पनि तबला विषयको प्रचारप्रसार हुन पुगेको छ । ललितकला केन्द्रीय विभागमा आयोजना हुने *रे अफ आर्ट्स* नामक कार्क्रमबाट पनि तबलावादनको प्रचारप्रसार गर्नमा अझ टेवा पुर्याएको पाइन्छ ।

वर्तमान समयमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान प्रतिष्ठानले देशका विभिन्न भागमा शास्त्रीय सङ्गीत अन्तर्गत विभिन्न विधाहरूको कार्यक्रमका माध्यमबाट तबला विषयको प्रचारप्रसारका लागि उपत्यका कार्यक्रमहरू गर्दै आएको पाइन्छ । संस्थाद्वारा वि.सं.२०७१ माघ १६ गते शास्त्रीय सङ्गीत कार्यक्रमलाई निरन्तरता दिने उद्देश्यका साथमा *डबली यात्रा* (प्राज्ञिक संसार, २०७१ पृ.१६)त्यसैगरी *शास्त्रीय सङ्गीतमा नारी श्रष्टा* (प्राज्ञिक संसार, २०७२/७३ पृ.११) एवम् विश्व सङ्गीत दिवस वि.सं. २०७९ सालको अवसर पारेर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा *"परम्परा ...एक सुरुवात"*शिर्षकहरूमा काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा कार्यक्रमहरूको आयोजना गरेबाट तबलावादनको प्रचारप्रसार हुन सकेको छ । त्यतिमात्र नभई वि.सं.२०७४ ज्येष्ठ २२ देखि २४ गतेसम्म हेटौडामा *राष्ट्रिय सङ्गीत तथा नृत्य महोत्सव* (प्राज्ञिक संसार, २०७४पृ.४) तथा वि.सं.२०७५ सालमा इटहरीमा *शास्त्रीय सङ्गीत* ( प्राज्ञिक संसार, २०७५ पृ.३)कार्यक्रमको आयोजना एवम् वि.सं.२०८१ वैशाख ३० गते पोखरामा *शास्त्रीय सङ्गीत उत्सव* आदि कार्यक्रमहरूको आयोजनाबाट उपत्यका बाहिर पनि तबलावादनको प्रचारप्रसारका लागि नेतृत्वपूर्ण भूमिका निभाएको पाइन्छ ।

**रोजगारीः**

लिच्छवीकालमा वाद्यवादकहरूको नियुक्ति गरिने (रेग्मी, २०८० पृ.१०७) प्रचलन रहेबाट नेपालमा सरकारीस्तरबाट वाद्यवादकहरूले एकीकरणभन्दा पहिलादेखि नै रोजगारी पाउने पुष्टि हुनजान्छ । मल्लकालमा राजाहरू मृदङ् बजाउने (रेग्मी, २०८० पृ. ११५) भएका कारण प्रशिक्षक पनि हुने प्रमाणित हुन्छ । एकीकरण पछि राणाकालीन समयका विभिन्न दरवारहरूमा भारतीय तबलावादकहरूले पनि रोजगारी प्राप्त गरेका थिए । बि.सं. २००७ साल पछी स्थापना भएका रेडियो नेपाल, राष्ट्रीय नाचघर, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान एवम् त्रि.वि.वि. अन्तर्गतका ललितकला केन्द्रीय विभाग, ललितकला, रत्नराज्य, पद्म कन्या क्याम्पस आदिमा तबलावादकहरूले रोजगारी पाएका छन् । रेडियो नेपाल तथा राष्ट्रीय नाचघरमा स्थाई एवम् करारमा तबलावादकहरू रोजगार भएका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान/नेपाल प्रज्ञाप्रतिष्ठानमा बि.सं.२०३७ सालसम्म तबलावादकले रोजगारी प्राप्त गर्ने भएतापनि त्यसपछि उक्त अवसर बन्द भएको छ । देशमा गणतन्त्रको स्थापना पश्चात् सरकारका तर्फबाट माध्यामिक एवम् उच्च माध्यामिक तहमा ऐच्छिक विषयका रुपमा सङ्गीत समावेस गरेको छ (रेग्मी, २०७७ पृ.३) । तथापी नेपालमा सङ्गीत विषयलाई

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

अनुत्पादक विषयका रुपमा हेरिने भएका कारण अधिकाँस माध्यामिक एवम् उच्च माध्यामिक तहमा सङ्गीत विषय पठनपाठनको सुरुवात आंशिक तवरबाट भएको छ।

त्यसैगरी त्रि.वि.वि. अन्तर्गतका विभिन्न आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा स्थाई एवम् आंशिक रुपमा रोजगारीको अवसर उपलब्ध रहेको छ । त्रिभुवन विश्वविद्यालय एवम् अन्य सरकारीस्तरका संस्थाहरूमा स्थाई पदपूर्तिकालागि अत्यन्त कम आवेदन माग गरिने गरेको छ। त्यसमा पनि सम्पूर्ण रुपमा उत्तीर्ण हुनु "*फलामको चिउरा चपाउनु* " जत्तिकै रहेको छ । सङ्गीत पठनपाठन हुने सरकारी संस्थाहरुमा नियुक्त भएका पदाधिकारीहरूलाई सङ्गीत अन्तर्गत हुने विभिन्न विधाहरूको जानकारी नहुने र जानकार व्यक्तिहरूको स्वार्थपूर्ण नीतिका कारण पनि तबला विषयमा रोजगारी प्राप्त गर्न निकै कठिन रहेको छ । त्यसैगरी त्रि.वि.वि. अन्तर्गतका विभिन्न क्याम्पसहरूमा तबलावादकहरूले आंशिक रुपमा रोजगारी प्राप्त गरेता पनि उनीहरूको पेशागत सुरक्षा नहुनु प्रमुख समस्याका रुपमा रहेको छ । सङ्गीत पठनपाठन विभिन्न क्याम्पसहरूमा आंशिक प्रशिक्षकहरूले कार्य नगरेमा पठनपाठन रोकिने सम्भावना प्रवल रहेको छ । यस विषयमा त्रिभुवन विश्वविद्यालयले नीतिगत सुधार गरी स्थाई समाधान खोज्नु अपरिहार्य देखिन्छ । उल्लेख गरिएका विभिन्न तथ्यहरूका आधारमा नेपालमा तबलावादकहरूले सरकारीस्तरबाट रोजगारी पाउनु सहज नरहेको पुष्टि हुन्छ। तबलावादनमा पारङ्गत हुनाका लागि ऊर्जा, धन एवम् समय लगानी गरेर आर्जन गरेको तबलावादनबाट सहज किसिमबाट रोजगारी प्राप्त हुन सकेमा उक्त विषय प्रतिको आकर्षण बढ्न गइ विभिन्न आयाममा वृद्धि हुनजान्छ।

**विभिन्न वृत्तिहरू:**

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा तबलावादक होमनाथ उपाध्यायलाई वि.सं. २०३३ सालमा अनुसन्धानका लागि विद्वत्वृत्ति प्रदान गरेको थियो (दर्नाल, २०३८ पृ. २४५) । राष्ट्रिय नाच घरमा पनि सुरुवातमा बाल कलाकारहरूलाई छात्रवृत्ति उपलब्ध गराउने गर्दथ्यो (स्वर मध्यमा, सन् २०२१) । त्रिभुवन विश्वविद्यालयको आङ्गिक ललितकला क्याम्पसबाट पनि विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइने गरिएको छ । नेपालमा तबला विधामा विद्वतवृत्ति एवम् छात्रवृत्तिका केहि उदाहरणका केहि तथ्य यहाँ उल्लेख गरिएको भएतापनि यथेष्ट वृत्तिहरू उपलब्ध हुन सकेको छैन ।

**निष्कर्ष:**

प्राचीनकालदेखि नै अस्तित्वमा रहेको नेपालमा सङ्गीतको प्रचलन पनि रहेको थियो । प्राचीनकालमा लेखिएका ग्रन्थहरूका अनुसार सङ्गीत एवम् वाद्यको प्रयोग एकसाथ हुने उल्लेख प्राप्त भएका आधारमा सङ्गीत र वाद्यको प्रयोग समानान्तर रुपमा हुने गर्दछ भन्न सकिन्छ । तबला आविष्कर्ताका बारेमा मतभेद रहेतापनि वादनकर्ताका बारेमा एकमत रहेको छ । दक्षिण एसियाली राष्ट्रहरूमध्ये भारतमा मुसलमानहरूको शासनसँगै प्रचलनमा आएको सङ्गीत शैलीमा सङ्गतका लागि तबला प्रयोग हुने गर्दथ्यो । नेपालमा पनि गोरखा दरवारमा आएका मुसलमान कलाकारहरूसँगै तबला पनि आएको अनुमान लगाउन सकिन्छ । एकीकारणभन्दा पहिला पहिलादेखि सुरुवात भएको तबलावादनले राणाकालीन समयमा अझ व्यापकता प्राप्त गरेको थियो । राणाकालीन समयमा दरवारमा अत्यधिक प्रचलनमा रहेको तबलावादन नेपालभन्दा भारतमा अधिक प्रचारप्रसार भएको थियो । नेपालमा प्राचीनकालदेखि नै वाद्यवादकहरूलाई पुरष्कृत गर्ने परम्पराको निरन्तरता दिने क्रममा वर्तमान समयमा पनि तबलावादकहरु पनि पुरष्कृत एवम् सम्मानित हुँदै आएका छन् । बि.सं.२००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात् खुलेका विभिन्न सरकारी संस्थाहरूका माध्यबाट प्रशिक्षण, प्रतियोगिता, सम्मेलन, रोजगारी, मानसम्मान/पुरष्कार तथा विभिन्न वृत्तिहरू तथा अनुसन्धान लगायतका कार्यहरू हुँदै आएका छन् । संस्थागत तवरबाट सङ्गीत पठनपाठन हुने संस्थाहरूमा पठनपाठनको शैली एवम् पाठ्यक्रममा रहेका कमीकमजोरीका बारेमा पनि बहस सुरु भएको पाइन्छ । त्यसैगरी शास्त्रीय सङ्गीत सम्मेलन क्रियात्मक पक्षमा अधिक जोड दिएर हुने गरेको पाइन्छ। सरकारी संस्थाहरूबाट प्रतियोगिता तथा रोजगारीको अवसर अझ सिर्जना गरेमा विषयको विकासमा टेवा पुग्ने देखिन्छ। सरकारी संस्थाहरूबाट तबला विषयमा भएका उल्लेखित कार्यहरूले गर्दा तबलावादनको विकासमा केही योगदान पुगेको छ।


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

**सन्दर्भ सूचीः**

चौधरी, सुभद्रा (सन्२००६). *सङ्गीतरत्नाकर,* तृतीय खण्ड, अनु., नयाँ दिल्लीः राधा पब्लिकेसन्स ।

झङ्कार (२०७९). रेडियो नेपालको वार्षिक मुख पत्र, वर्ष ७२, सिंहदरवार : रेडियो प्रसार सेवा विकास समिति ।

तुलाधर, बुद्धरत्न (मार्ग/२०३६). *सङ्गीत साधन,* भाग-२, किर्तिपूर, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

दर्नाल, रामशरण (२०३८). *सङ्गीत परिक्रमा,* पुल्चोक, ललितपुरः साझा प्रकाशन ।

दर्नाल, रामशरण (२०३८). *नेपाली सङ्गीत साधक,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल परिचय (२०७७). आठौं संस्करण : नेपाल सरकार ।

प्राज्ञिक संसार सङ्गीत नाट्य बुलेटिन (चैत्र/२०७१). पूर्णाङ्क-३, *भक्तपुरमा चौथो डबली यात्रा,* नक्साल : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

प्राज्ञिक संसार सङ्गीत नाट्य बुलेटिन (२०७२/७३). *सफल भयो नारी श्रष्टाको शास्त्रीय सङ्गीत,* : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

प्राज्ञिक संसार सङ्गीत नाट्य बुलेटिन (वैसाख-असार/२०७४). पूर्णाङ्क- १०, *हेटौंडामा भव्य भयो राष्ट्रीय सङ्गीत तथा नृत्य महोत्सव* : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

प्राज्ञिक संसार सङ्गीत नाट्य बुलेटिन (वैसाख-असार/२०७५). पूर्णाङ्क- १३, *मोफसलमा शास्त्रीय सङ्गीत-२०७५ गुञ्जिए विविध शास्त्रीय गीत* : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

बर्मा, विनय (२०७०). *सङ्गीत सोपान, दोश्रो संस्करण,* काठमाडौं : कपन सङ्गीत सरोवर ।

भट्टराई, गोविन्द प्र.(२०७७). *भरत मुनिकोनाट्य शास्त्र* (भरतनाट्यम) अनु.दोश्रो संस्करण, काठमाडौं : ने.रा.प्र.प्र.।

भण्डारी, अच्युतराम (२०५८). तालानन्द, काठमाडौं : आर.डी. बुक पब्लिसर्स ।

मराठे, मनोहर भालचंद्रराव (सन् १९९१). *ताल-वाद्य शास्त्र,* ग्वालियर, भारत : शर्मा पुस्तक सदन ।

मिस्त्री, आवान ई. (सन् २०००). *पखावज और तबला के घरानें एवम् परम्परायें* , द्वितीय संस्करणःपं.केकी.एस. जिजिना,स्वर साधना समिति, मुम्बई ।

मुलगांवकर, अरविन्द (सन् २०१८). *तबला* (हिन्दी संस्करण) भदैनी, वाराणसी : लुमिनस् बुक्स । ISBN: 978-93-8514-947-4.

योञ्जन् गोपाल, पाण्डे इन्दिरा र रेग्मी, सतीशचन्द्र (२०३४). *सङ्गीताञ्जली,* काठमाडौं : श्री पाण्डे रक्तकाली ।

रावल, बेनी जंगम (२०६३). *सन्दर्भः लोक गीतका,* प्रदर्शनी मार्ग, काठमाडौंः भृकुटी पब्लिकेसन्स ।

रेग्मी, ध्रुवेशचन्द्र (कार्तिक/२०७७). *'नेपालमा शास्त्रीय सङ्गीत : सोचाइ र सन्दर्भ',* सङ्गीत दृष्टी, काठमाडौंः नेपाल शास्त्रीय सङ्गीत समाज, पृष्ठ (१-५) ।

रेग्मी, ध्रुवेशचन्द्र (असोज/२०८०). *नेपाली सङ्गीत दरवारः आदिकालदेखि आधुनिककालसम्म,* काठमाडौं : बुकहिल पब्लिकेसन प्रा.लि. ।

वशिष्ठ, सत्यनारायण (सन्२००९). *ताल मार्तण्ड,* हाथरस, भारत : सङ्गीत कार्यालय ।

वीरगञ्ज सञ्जाल (२७/भाद्र/२०७७). *'नेपालमा शास्त्रीय सङ्गीतको इतिहास',* Retrevied on 28/05/203 https://birgunjsanjal.com/2020/09/33775/ .

सैंजू, भुवन कुमार (२०६७). *तबला वाद्य शोलो* : काठमाडौं ।

शाक्य, राजु (२०६७). *तालज्ञान,* ललितपुर : पं.सत्यनारायण चौधरी स्मृति प्रतिष्ठान ।

शर्मा, कालीप्रसाद (२०२४). *तबला बोध,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

A life in Music, vision of young minds. (One oct. 2020). '*Seventh Episode'. 'Interactive session with Tabla player of Nepal Pramod Upadhyaya*'. [Video]. Retrieved on 15/ May/2023 https://www.facebook.com/watch/?v=634358893944698.

Baithak (23/Aug/2015). '8*th Session BAITHAK All Inclusive Talim Part 02. Pandit Arvind Parikh in dialouge with Pt. Vidyadhar Vyas on "Prevalent vocal music forms and their evolution*". [Video] Retrieved on 23/02/2023 https://youtu.be/tvuNzGr-uuI.

Bhandari, N. (2014). *नेपाल में उत्तर भारतीय शास्त्रीय सङ्गीत के विकासमें नेपाली शास्त्रीय गायकों और वादकों कि भूमिका एवम् उनका योगदान,* काशी हिन्दु विश्वविद्यालय, अप्रकाशित विद्यावारिधि शोध प्रवन्ध, बनारस, http://hdl.handle.net/10603/479028.



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

Dhamala, G. (2022). Education in Nepal during the Lichchavi period. *The Educator Journal*. 10. 76-81. DOI.https://doi.org/10.3126/tej.v10i1.47004.

Haamro Kathmandu TV, (24, Oct.2018). '*NEPALMANDAL 2075 Ashwin 31 Talk With Achyut Ram Bhandari*'. [Video]. Retrieved on 30/05/2023 https://youtu.be/PpI4cH-KkrI .

Parikh, A. (23 Feb 2018). '*27th Baithak - Pandit Yogesh Samsi - Artistry of Punjab Gharana*'. [Video]. Retrieved on 24/06/2023 https://youtu.be/LsjQP97h1gM.

Pokharel, R. (2017). Music Educational Intuitions in Nepal: 1951 onwards, *Journal of Fine Art Campus*, vol-2, 11-20.

Pokharel, R. (2016). *The dynamics of educational tradition of classical music in tribhuwan university, Nepal*. B.H.U. India. An unpublish thesis of Ph.D.

Pokharel, R. (Dec.2019). Classical Music in the Shah and Rana Era: 1768 - 1951 A.D. *SIRJANĀ – A Journal on Arts and Art Education* 6(1):62-71. DOI: 10.3126/sirjana.v6i1.39674.

Regmi, D. C. (2003). *The History of Music in Nepal with Special Reference to Classical Music During the rana period (1846-1950A.D.)*. University of Delhi, India. An unpublish thesis of Ph.D.

Regmi, D. C. (Dec.2022). Music education in the campuses of Tribhuvan University. *Journal of Fine Arts Campus*, 4(2): 1-10. DOI:10.3126/jfac. v4i2.54834.

SAWTEE (माघ-चैत्र/२०६२). '*प्रतिस्पर्धात्मक वातावरण र उपभोक्ता*' स्वच्छ प्रतिस्पर्धा, वर्ष-२ अंक-४ काठमाडौं, लम्टङ्गिनमार्ग, बालुवाटार ।